# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

मिति:२०८२/०५/११

## लगत संकलन गर्नको लागि अन्तिम पटक सूचना ।

प्रस्तुत विषयमा नेपाल सरकार भुमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौंले मिति २०८२/०४/३० गतेको प्रकाशित सुचना तथा जिल्ला समिति धनुषाको प.सं. २०८२/०८३ च.नं. २२ र मिति २०८२/०५/०२ गतेको प्राप्त पत्रानुसार भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीले अन्तिम पटक निवेदन पेश गर्ने भनि ३५ (पैतिस) दिने सुचना प्रकाशन गरिएको हुँदा यस मिथिला नगरपालिका क्षेत्र भित्र वसोवास गर्ने भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीलाई जग्गा प्राप्त गर्नको लागि आयोगले तोकेको ढाँचामा सम्बन्धित वडा कार्यालयमा भदौ मसान्त भित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सवैलाई जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

नोट : थप जानकारीको लागि मिथिला नगरपालिकाको भुमि समस्या समाधान आयोग, सेवा केन्द्रमा सम्पर्क गर्नुहुन जानकारीको लागि अनुरोध छ ।

.....................

अशोक कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

बोद्यार्थ

श्री भूमि समस्या समाधान आयोग, जिल्ला समिति धनुषा ।
श्री भूमि समस्या समाधान आयोग,ताहाचल, काठमाडौं ।
श्री वडा कार्यालयहरु सवै(१-११), मिथिला नगरपालिका, धनुषा ।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९२२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।